



बिक्रीको लागि होइन

# सानी
# खुसी भइन्



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# सानी
# खुशी भइन्



बिक्रीको लागि होइन

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
वसन्त बलामी तथा बाल कोसेली समूह

चित्राङ्कन
युवक श्रेष्ठ

सम्पादक
शान्तदास मानन्धर

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीको लागि होइन

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।


पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र

बिक्रीको लागि होइन

सानी नाउँकी एउटी नानी थिइन् । उनी राम्री थिइन्, हँसिली खुसिली थिइन् ।



बिक्रीको लागि होइन



बिक्रीका लागि होइन

उनी कुरा मिठो गर्थिन्। घरमा उनी सबैकी प्यारी थिइन्।





उनी पढ्ने र खेल्ने गर्थिन् । बेला बेलामा उनी आमालाई सघाउँथिन् । अनि आमा उनीलाई स्याबासी दिनुहुन्थ्यो ।

विद्यालयमा उनी समयमै पुग्थिन् । साथीहरूसँग उनी हाँसेर कुरा गर्थिन् र मिलेर पढ्थिन् ।





एक दिन सानी त्यसै त्यसै रोइन् । उनले यो बानी कहाँबाट सिकिन्, कसरी सिकिन्, कसैलाई केही पत्तो थिएन । आमाले सोध्नुभयो, "किन नानू, किन रोएकी ?" तर सानी रोइन् मात्र ।

भोक सबैलाई लाग्छ। भोक लाग्दैमा सबै त रुँदैनन् नि, तर सानी भने रोइहाल्थिन्। आमाले खाना तयार गरिरहनुभएको भए पनि उनी “भोक लाग्यो !” भन्दै कोकोहोलो मच्चाउँदै रुन्थिन्।






आमा यस्सो एकछिन बाहिर जानुभयो वा अर्को कोठासम्म मात्र लाग्नुभयो भने पनि उनी डाँको छोडी रोइहाल्थिन् ।



बिक्रीको लागि होइन

एक दिन विद्यालय जाने बेला भयो, सानीको एउटा मोजा फेलै परेन। हिजो उनी आफैँले राखेको, आज कता हरायो कता! आफूले खोज्नु कता कता, सानी "मेरो मोजा खोइ ?" भन्दै रुन पो थालिन्।





अब सानीलाई रुन निहुँ खोज्नै परेन। आमाले एक थोक खाजा लान भन्नुहुँदा उनले अर्कै थोक भनिन्, अनि सानी त्यसै त्यसै रोइन्। अरूको कुरा पनि त सुन्नुपर्छ नि, तर सानी भने आमाको कुरा पनि सुन्दै नसुनी रोइन्।

अर्को दिन सानी विद्यालय जान जुत्ता लाउँदै थिइन् । जुत्ताको तुना गाँठो पऱ्यो, फुकाल्न खोजिन्, सकिनन्, अनि त दिक्क हुँदै रुन थालिन् ।





आज विद्यालयमा सानी साथीहरूसँग हाँस्दै, दगुर्दै 'छोइ नेता' खेलिरहेकी, कसो कसो लडिन्। अनि त के चाहियो, सानी रोइहालिन्। खेल्दा जो पनि कहिलेकाहीँ लड्छन्। त्यस दिन सानीका साथीहरूलाई सारै नमज्जा भयो।

सानीको यो चाला घरमा कसैलाई पनि निको लागेको थिएन। आमा चिन्तित हुनुहुन्थ्यो, बुबा दिक्क हुनुहुन्थ्यो र सानीकी दिदी त सारै नै दुःखित हुनुहुन्थ्यो। “सानी किन त्यसै त्यसै रुन्छिन् ?” सबैको यही प्रश्न थियो।





आज सानी विद्यालय जान जुत्ता लाइरहेकी, उनको खुट्टा जुत्ताभित्र पस्दै पसेन। "जुत्ता आफैँ सानो हुन्छु भनेर साना भएका त हुँदै होइनन्, मेरा खुट्टा नै बरु ठुला भएका हुनुपर्छ", उनले सोचिन्। अरू बेला भएको भए जुत्ता लाउन नसक्दा उनी निराश हुन्थिन् तर आज उनी निराश भइनन्।

उनले सोचिन्, "अहो, म त ठुली भइसकेकी रहिछु क्यार ! हो त नि, प्रत्येक दिन ढलेपछि जो पनि एक दिनले बढी हुर्किसकेको हुन्छ । आफू ठुली भएको सोचेर आज सानी निराश भइनन् ।





बिक्रीको लागि होइन

सानी यो कुरा आमालाई सुनाउन दङ्ग हुँदै भर्‍याङबाट ओर्लिरहेकी थिइन्। उनी दुई खुड्किला माथिबाट लडिन्। उनको ढाड दुखिरहेकै थियो, घाउ भने कतै लागेको थिएन। उनलाई चिच्च्याएर रुन मन लाग्यो।

आँसु निस्कनै लागेको थियो तर उनले सोचिन्, 'म आफ्नै असावधानीले लडेँ । मलाई ठुलो चोट पनि त लाग्न सक्थ्यो नि !'

उनी जुरुक्क उठिन् । झोला र खानदानी भुइँमै थिए । त्यसै बेला आमा त्यहाँ आइपुग्नुभयो ।



बिक्रीको लागि होइन



खुजमुज्ज भएको र धुलो लागेको लुगा देखेर आमाले सोध्नुभयो, “नानी के भयो ? लुगामा यो धुलो कसरी लागेको ?”

सानीले तुरुन्तै भनिन्, “केही भएको छैन आमा, यो धुलो त म आफैँ झार्छु ।” त्यसपछि सानी आफैँले लुगामा लागेको धुलो झारिन्, टकटक्याइन् ।



बिक्रीको लागि होइन



बिक्रीको लागि होइन

त्यस दिनदेखि सानीलाई कहिल्यै निराश हुनु परेन किनभने उनी परिस्थतिलाई बुझ्न सक्ने भइसकेकी थिइन् ।

आमाले सानी भऱ्याङबाट लडेर पनि नरोएकी, अझ आफैँले लुगा टकटक्याएकी, सबै कुरा सुनाउनुभयो। सबै जना खुसी हुनुभयो र सानीलाई स्याबासी दिनुभयो।





बिक्रीको लागि होइन

सबैबाट स्याबासी पाएर सानी भित्रभित्रै खुसी भइन् । त्यसपछि विद्यालय जान भनी सानी बाहिर निस्किन् ।

त्यस दिनदेखि सानी निराश भइनन्। सानी गम्भीर भएर सोच्न थालिन्, “दुःख हुँदा रोएर बस्नु बेकार रहेछ। मैले आफू ठुलो भएका कारणले जुत्ता सानो भएको कुरा बुझेँ। असाबधानीले लडिँदो रहेछ भन्ने कुरा पनि बुझेँ। कुरा बुझेपछि दुःख हैन खुसी पो लाग्यो।”



बिक्रीको लागि होइन

बिक्रीको लागि होइन

बिक्रीको लागि होइन